# नेपाल राजपत्र

## भाग १


श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३०] काठमाडौं, जेठ १ गते २०३७ साल [अतिरिक्ताङ्क ५


# शाही घोषणा

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय जनमत संग्रहको परिणाम प्रकाशित भएपछि वि. सं. २०३७ साल जेठ १ गते राष्ट्रका नाममा बक्सेको घोषणा सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

प्यारा देशवासीहरू,

१. जनमत संग्रह देशको इतिहासमा एक महत्त्वपूर्ण घटना हो। यो एक यस्तो प्रजातान्त्रिक माध्यम हो, जसबाट देशले बहुजनको सोचाइद्वारा एक निर्दिष्ट दिशाबोध गर्न पाउँछ । हाम्रा प्यारा प्रजाले कस्तो शासन व्यवस्था रूचाउँदा रहेछन् भन्ने कुरा बुझ्ने उद्देश्यले गत वर्ष हामीले राष्ट्रिय जनमत संग्रह गराउने घोषणा गरिबक्सेका थियौं । तदनुसार यही वैशाख २० गते सुसम्पन्न भएको मतदानबाट लोकसम्मति के रहेछ भन्ने कुरा हामी सबैलाई छर्लङ्ग भइसकेको छ । यस काममा सहयोग गर्ने सम्पूर्ण देशवासीको साथै यसलाई सञ्चालन गर्ने राष्ट्रिय चुनाव आयोगलाई समेत यस अवसरमा हामी धन्यवाद दिन चाहन्छौं ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. हाम्रा पूज्य बुबाज्यू स्वर्गीय श्री ५ महेन्द्रबाट करीब २० वर्षअघि स्वदेश र वरपरको बर्दलिँदो परिस्थितिलाई मनन गरिबक्सी विवेकपूर्वक थालनी गरिबक्सेको निर्दलीय पञ्चायती व्यवस्थामा सामयिक सुधार गर्दै त्यसलाई कायमै गर्ने जनताको अठोट देखियो। सामयिक सुधार सहितको दलविहीन पञ्चायती व्यवस्था मुलुकमा कायमै गर्ने नेपाली मात्रको पवित्र लोकमतलाई हामीले नेपाली शासनपद्धतिको आधारशिलाको रूपमा लिएका छौं। लोकसम्मतिद्वारा प्रदर्शित जन-इच्छालाई हामीले सदा कदर गर्नेछौं।

३. पञ्चायत व्यवस्थामा तत्काले आवश्यक देखिएको मूलभूत सुधारको ढाँचा हामीले गत वर्ष श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवसको सन्देशमा उल्लेख गरेका थियौं। तिनै कुराहरूलाई समावेश गर्दै सबै पक्षको राय समेत लिई देशमा हामीले केही समयभित्रै संविधान सुधार गर्नेछौं।

४. देशले एक नौलो बाटो लिन थालेको यस घडीमा जनताले प्रदान गरेको मतसित कसैले खेलवाड गर्नु वा त्यसलाई अस्वीकार गर्नु हुँदैन। आज अमनचैन र शान्तिको आवश्यकता परेको मात्र होइन असहिष्णुता, अराजकता र हिंसात्मक वातावरणमा प्रजातन्त्र मौलाउन सक्तैन भन्ने कुरा पनि हामीले बुझ्नु परेको छ। देशको प्रजातान्त्रिक विकासमा बाधा पुऱ्याउन खोज्ने-माथि नेपाली जनता हात बाँधी हेरिरहन सक्तैन भन्ने कुरा म यहाँ स्पष्ट गर्न चाहन्छु।

५. प्रजातन्त्रको विकासका लागि सैद्धान्तिक आधारमा मतविभिन्नता हुनु स्वाभाविकै हो। यस व्यवस्थामा बहुमतको निर्णयको पालना र अल्पमतको भनाइको कदर गरिनु पनि उत्तिकै आवश्यक हुन्छ। वास्तवमा, स्वस्थ प्रजातान्त्रिक अभ्यासलाई व्यवहारमा उतार्न मर्यादित र तथ्यपूर्ण आलोचना र प्रत्यालोचना गर्ने परम्परा बसाल्दै हामीले उदार व्यवहारबाट नै सम्पूर्ण नेपालीलाई राष्ट्रिय जीवनको मूल धारामा सहभागी बनाई नेपाली मात्रको कल्याण गर्न सक्छौं। त्यसैले बितेका दिनहरूका घटनाहरूमा भन्दा नेपालीको उज्ज्वल भविष्यका निम्ति बढी ध्यान पुऱ्याउनु हाम्रो आजको कर्तव्य हुनजान्छ। अन्तमा, हामी सबै नेपालीले पुरानो मनोमालिन्यलाई त्यागी देशोत्थानको बाटोमा एकजुट हुँदै सुख, शान्ति र समुन्नतितिर अग्रसर हुन सकौं—यही हाम्रो कामना छ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

---

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।